# सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ को  उपदफा (४) बमोजिम तयार गरी प्रकाशन गरिएको

## अवधिः वैशाख-असार,२०८३

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

खानेपानी तथा ढल व्यवस्थापन विभाग

पानीपोखरी, काठमाडौं।

# विषय-सूची


१. विभागको स्वरूप र प्रकृति ........ ३

२. विभागको काम, कर्तव्य र अधिकार ........ ३

३. विभागमा रहने कर्मचारी र कार्यविवरण ........ ४

४. विभाग अर्न्तगतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी ........ ५

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ६

६. निर्णय गर्ने प्रक्रिया र अधिकार ........ ६

७. सूचना अधिकारीको विवरण ........ ६

८. विभाग अर्न्तगत कार्यान्वयन भइरहेका प्रमुख योजना तथा कार्यक्रमहरु ........ ७

९. विभागको खर्च सम्बन्धी विवरण ........ १०

१०. विभागमा सूचना माग भई परेको निवेदन र सूचना दिइएको विषय ........ १०

## १. विभागको स्वरूप र प्रकृति

खानेपानी तथा ढल व्यवस्थापन विभाग खानेपानी तथा सरसफाईको क्षेत्रमा काम गर्ने अग्रणी सरकारी निकाय हो। यस विभागको स्थापना वि.सं. २०२९ साल मंसिर ४ गते भएको हो । तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रावधान अनुसार खानेपानी र सरसफाईसम्बन्धी कार्य विभाजन केन्द्र र स्थानीय निकायहरूको साझा कार्यका रूपमा रहेका थिए भने नेपालको वर्तमान संविधानले पनि यसलाई संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीका रूपमा अंगीकार गरेको छ। मुलुकभरका खानेपानी तथा सरसफाइ प्रणालीहरुको योजना, तर्जुमा निर्माण सञ्चालन तथा मर्मत सम्भार लगायतको जिम्मेवारी यस विभागको रहेको छ। मुलुकमा संघीय शासन सुरु हुनुअघि देशका ७७ वटै जिल्लामा विभागमातहतका डिभिजन र सब- डिभिजन मार्फत काम हुँदै आइरहेको थियो भने संघीयता पश्चात् पहिले देशभरका २० वटा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरु र हाल १५ वटा खानेपानी तथा ढल व्यवस्थापन कार्यालयहरुमार्फत काम हुँदै आइरहेको छ। विभागको नेतृत्व महानिर्देशक (रा.प. प्रथम, स्यानिटरी) बाट हुने गरेको छ।

## २. विभागको काम, कर्तव्य र अधिकार

यस विभागको कार्य विवरण देहायबमोजिम रहेको छ ।

- माग भई आएका आयोजनाहरूको अध्ययन गरी Feasible योजनाहरू कार्यान्वयनमा लैजाने।
- खानेपानी तथा सरसफाईसम्बन्धी नीति तर्जुमाको लागि सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाईसम्बन्धी अभिलेख तथा तथ्याङ्कहरूको भण्डारण गर्ने ।
- खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत कर्मचारी, उपभोक्ता संस्थाका पदाधिकारीहरू लगायतको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गर्ने ।
- बदलिँदो परिप्रेक्ष्य अनुसार खानेपानी तथा सरसफाई क्षेत्रमा उपयुक्त प्रविधि विकासका लागि अध्ययन अनुसन्धान गर्ने।
- सेवा संचालनका लागि उपभोक्ता संस्था तथा स्थानीय निकायहरूलाई आवश्यक सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाइ कायक्रम संचालनको लागि बजेट व्यवस्था, खर्चको अनुगमन तथा नियन्त्रण, बजेट, रकमान्तर, बेरुजु फछ्र्यौट लगायतका आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने ।
- खानेपानी गुणस्तर सम्बन्धी राष्ट्रिय निर्देशिका तयारी एवं पालना गराउने तथा गुणस्तर सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- खानेपानी तथा सरसफाई आयोजनाहरुको एकीकृत database तयार गर्ने NWASH Portal को संचालन गर्ने।
- समय समयमा तोकिएबमोजिम अन्य कार्यहरू गर्ने।

## ३. विभागमा रहने कर्मचारी र कार्यविवरण

यस विभागमा रहने कर्मचारी विवरण (संगठन संरचना) देहायबमोजिम रहेको छ । साथै, शाखागत कार्यविवरण यस विभागको website: www.dwssm.gov.np मा हेर्न सकिन्छ।

<u>खानेपानी तथा ढल व्यवस्थापन विभागको स्वीकृत स्थायी दरवन्दी अनुसारको कर्मचारी विवरण</u>

| क्र.सं. | पद | सेवा | समूह | उपसमूह | श्रेणी | स्वीकृत पद संख्या | पद पूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| **विभाग तर्फ** | | | | | | | | | |
| १ | महानिर्देशक | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.प्रथम (प्रा.) | १ | १ | | |
| २ | उपमहानिर्देशक | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.प्रथम (प्रा.) | ३ | २ | १ | |
| ३ | उप सचिव | प्रशासन | सामान्य प्रशासन | | रा.प. द्धितिय | १ | १ | | |
| ४ | प्रमुख लेखा नियन्त्रक | प्रशासन | लेखा | | रा.प.द्धितिय | १ | १ | | |
| ५ | सिनियर डिभिजनल इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.प्रथम (प्रा.) | ६ | ६ | | |
| ६ | सिनियर मेकानिकल डिभिजनल इन्जिनियर | इन्जिनियरिङ्ग | मेकानिकल | जर्नल/ मेकानिकल | रा.प.द्धितिय (प्रा.) | १ | १ | | |
| ७ | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन | | रा.प.तृतीय | १ | १ | | |
| ८ | लेखा अधिकृत | प्रशासन | लेखा | | रा.प.तृतीय | १ | १ | | |
| ९ | कानून अधिकृत | न्याय | कानून/ | | रा.प.तृतीय | १ | ० | १ | |
| १० | कम्प्यूटर इन्जिनियर | विविध | | | रा.प.तृतीय (प्रा.) | १ | ० | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | मेकानिकल ईन्जिनियर | इन्जिनियरिङ्ग | मेकानिकल | जनरल/ मेकानिकल | रा.प.तृतीय (प्रा.) | १ | १ | | |
| १२ | केमिष्ट | इन्जिनियरिङ्ग | केमिष्ट्री | | रा.प.तृतीय (प्रा.) | १ | १ | | |
| १३ | इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | रा.प.तृतीय (प्रा.) | ६ | ६ | | |
| १४ | नायब सुब्बा | प्रशासन | सामान्य | | रा.प.अ.नं.प्रथम | ५ | ५ | | |
| १५ | लेखापाल | प्रशासन | लेखा | | रा.प.अनं.प्रथम | १ | १ | | |
| १६ | ल्याप असिष्टेण्ट | इन्जिनियरिङ्ग | केमेष्ट्री | | रा.प.अनं.प्रथम प्रा. | १ | ० | १ | |
| १७ | भारी सवारी चालक/ | ईन्जिनियर | मेकानिकल/ जनरल | | श्रेणी विहिन | १ | १ | | |
| १८ | हलुका सवारी चालक | ईन्जिनियर | मेकानिकल/ जनरल | | श्रेणी विहिन | ६ | ६ | | |
| १९ | कार्यालय सहयोगी | प्रशासन | सामान्य | | श्रेणी विहिन | ८ | ८ | | |
| जम्मा | | | | | | ४९ | ४५ | ४ | |

## ४. विभाग अर्न्तगतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी

| क्र.सं. | महाशाखा / शाखा | जिम्मेवार पदाधिकारी |
|---|---|---|
| १ | खानेपानी तथा ढल व्यवस्थापन विभाग | **कमल राज श्रेष्ठ, महानिर्देशक** |
| २ | खानेपानी महाशाखा | **रत्न प्रसाद लामिछाने, उप-महानिर्देशक** |
| ३ | ढल तथा सरसफाई व्यवस्थापन महाशाखा | **रिक्त** |
| ४ | सेवा नियमन तथा समन्वय महाशाखा | **नारायण प्रसाद आचार्य, उप-महानिर्देशक** |
| ५ | कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा | **वासुदेव भट्टराई, मुख्य प्रशासकीय अधिकृत** |
| ६ | आर्थिक प्रशासन शाखा | **दिल कुमार खड्का, प्रमुख लेखा नियन्त्रक** |

| | | |
|---|---|---|
| ७ | ईलेक्ट्रोमेकानिकल शाखा | **तुलसी नारायण महर्जन, सि.डि.ई.(मे.)** |
| ८ | खानेपानी तथा सरसफाई गुणस्तर सुदृढीकरण शाखा | **रामेश्वर घिमिरे, सि.डि.ई.** |
| ९ | अनुसन्धान तथा डिजाइन शाखा | **भोला थापा, सि.डि.ई.** |
| १० | सेवा नियमन तथा सूचना व्यवस्थापन शाखा | **डा.रजित ओझा, सि.डि.ई.** |
| ११ | योजना तथा विपद् व्यवस्थापन शाखा | **सन्जु लामिछाने, सि.डि.ई.** |
| १२ | ढल व्यवस्थापन तथा सरसफाई शाखा | **चन्द्र कुमार पाँ श्रेष्ठ, सि.डि.ई.** |
| १३ | खरिद व्यवस्थापन तथा कानून शाखा | **भोला थापा, सि.डि.ई.** |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दस्तुरः सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा व्यवस्था भएबमोजिम।

अवधिः सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा व्यवस्था भएबमोजिम।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकार

**निर्णय प्रकृया सम्बन्धमाः** प्रचलित कानुनले तोकेको प्रकृया बमोजिम।

**निर्णय गर्ने अधिकारीः**

- खानेपानी मन्त्रालयको माननीय मन्त्रीस्तरबाट।
- खानेपानी मन्त्रालयको सचिवबाट।
- खानेपानी तथा ढल व्यवस्थापन विभागको महानिर्देशकबाट।
- खानेपानी तथा ढल व्यवस्थापन विभागको उप-महानिर्देशकबाट।
- नीतिगत विषयमा मन्त्रिपरिषदबाट।

## ७. सूचना अधिकारीको विवरण

यस विभागको योजना तथा विपद् व्यवस्थापन शाखा प्रमुखलाई सूचना अधिकारी तोक्ने व्यवस्था हुँदै आएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानुनबमोजिम प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।

**सूचना अधिकारीको विवरण:**

| | |
|---|---|
| नाम | सन्जु लामिछाने |
| पद | सिनियर डिभिजनल इन्जिनियर |
| शाखा | योजना तथा विपद् व्यवस्थापन शाखा |
| फोन नं. | ०१-४००६६५१ |
| मोबाइल नं. | ९८५१४०६९७४ |
| e-mail | dwssplanning@gmail.com |
| website | www.dwssm.gov.np |

# ८. विभाग अर्न्तगत कार्यान्वयन भइरहेका प्रमुख योजना तथा कार्यक्रमहरु

यस विभागअर्न्तगत देहायका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन हुँदै आइरहेका छन् । उक्त आयोजनाहरूसंग सम्बन्धित कुनै सूचना आवश्यक परेमा सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयमा सम्पर्क गरेर सूचना माग गर्न सकिनेछ ।

| क्र.सं. | आयोजना | आयोजना कार्यालय रहेको स्थान | संक्षिप्त जानकारी |
|---|---|---|---|
| १ | शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | प्रथम, दोस्रो र तेस्रो चरणका आयोजनाहरुको सफलतापश्चात् आयोजना संचालन तथा यसको दीगोपनाका लागि केही पाठहरू सिकि २० वटा सहरहरूमा सहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना (२०१९-२०२४) संचालन गरएको छ। सहरी आयोजनाहरूको निर्माणको लागि उपभोक्ता संस्थाले निर्माण लागतको ३०% सम्म सहलगानी गर्ने व्यवस्था रहेको छ । सोमध्ये ५% रकम उपभोक्ता संस्थाले आजना संचालनको प्रतिबद्धता स्वरूप अग्रीम नगद जम्मा गर्नुपर्ने र बाँकी २५% उपभोक्ता संस्थालाई नगर विकास कोषले ऋण प्रबाह गर्ने व्यवस्था रहेको छ । आयोजनाको ७०% लागत भने नेपाल सरकारले एशियाली विकास बैंकको ऋण सहयोग मार्फत उपलब्ध गराउने व्यवस्था रहेको छ । |
| २ | सहलगानी खानेपानी तथा सरसफाई आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | खानेपानी तथा सरसफाइको सेवा क्षेत्र तथा सेवास्तर वृद्धिको कार्यलाई व्यापकता दिई राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसारको छिटो छरितो एवं दीगो सेवा सुनिश्चित गर्न सरकार, स्थानीय निकाय र उपभोक्ता समुदायको संस्थागत सहलगानीमा आधारित सहलगानी खानेपानी तथा सरसफाई |

| | | | |
|---|---|---|---|
| | | | आयोजना संचालनमा रहेको छ। यस कार्यक्रम अर्न्तगत मौजुदा खानेपानी आयोजनाको सेवा क्षेत्र वा सेवा विस्तार वृद्धि वा क्रमागत वा नयाँ आयोजनाको निर्माण कार्यमा उपभोक्ता संस्थाले कुल लागतको ३०% र नेपाल सरकारले ७०% पूँजिगत लगानी गर्ने व्यवस्था रहेको थियो भने नयाँ निर्देशिका अनुसार सो परिवर्तन भई उपभोक्ता संस्थाले कुल लागतको १५% र नेपाल सरकारले ८५% पूँजिगत लगानी गर्ने व्यवस्था रहेको । तर मानव विकास सूचकाङ्क न्यून रहेका २४ जिल्लाहरूको हकमा भने उपभोक्ता संस्थाले कुल लागतको कम्तीमा १०% र नेपाल सरकारले ९०% पूँजिगत लगानी गर्ने व्यवस्था रहेको छ । |
| ३ | केन्द्रीय खानेपानी आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | नेपालको ग्रामीण र अर्ध सरकारी क्षेत्रमा जहाँ उपभोक्ता संस्थाले ३०% योगदान जुटाउन नसक्ने, साविक सुख्खा क्षेत्र खानेपानी आयोजनाको कार्यक्षेत्रमा नपर्ने स्थानमा मध्यम तथा उच्चस्तरको खानेपानी सेवा पुर्याउने उदेश्यले आ.व ०७७/७८ बाट नयाँ आयोजनाको रूपमा यो आयोजना संचालन गरिएको छ । |
| ४ | एकीकृत खानेपानी तथा सरसफाई आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | देशका ठूला १२ वटा नगरपालिकाहरू (धरान, बिराटनगर, जनकपुर वीरगंज, भरतपुर, हेटौंडा, पोखरा, बुटवल, लुम्बिनी — सांस्कृतिक, नेपालगंज, धनगढी र भीमदत्त) मा एकीकृत खानेपानी तथा ढल व्यवस्थापनको कार्यक्रम लागू गर्ने उदेश्यले आ.व. २०७७/७८ बाट यो आयोजना सुरु भएको हो। |
| ५ | जलवायु अनुकुलित बृहत् खानेपानी आयोजना | खानेपानी तथा ढल व्यवस्थापन विभाग | नेपालको सुख्खा क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूका अति विकट भौगोलिक बनावट भएका स्थानहरुमा छरिएर रहेका समुदाय/बस्तीहरुलाई सर्वसुलभ तरिकाले मध्यम वा उच्च स्तरको खानेपानी सेवा पुर्याउने उद्देश्यले जलवायु परिवर्तनले समेत पानीको परिमाणमा असर नपर्ने स्रोतहरुलाई उपयोग गरी दिगो रूपमा खानेपानी व्यवस्थापन गर्दै जनताको खानेपानी तथा सरसफाइमा पहुँचको संवैधानिक हक सुनिश्चित गर्न जलबायु अनुकुलित वृहत खानेपानी आयोजना संचालन गरिएको छ। यस आयोजना अन्तर्गत मल्टिस्टेज बृहत् खानेपानी आयोजनाहरू, खानेपानी आयोजनाहरूमा सोलार जडान गर्ने कार्य र जलाशययुक्त खानेपानी आयोजनाहरूको निर्माण तथा अध्ययन कार्य भइरहेको छ। |
| ७ | दीगो सरसफाई आयोजना | सुर्खेत (विभागमा सम्पर्क व्यक्ति मात्र रहेको) | कर्णाली प्रदेशका २८ वटा स्थानीय तहमा खानेपानी तथा सरसफाईको दीगो व्यवस्थापन, बनेका खानेपानी संरचनाहरूको पुनस्थापना, खानेपानी पहुँच नपुगेको समुदायमा खानेपानीको पहुँचपुर्याउने तथा खानेपानी तथा सरसफाईको क्षेत्रमा स्थानीय तहको क्षमता अभिबृद्धी गर्ने उदेश्यले फिनल्याण्ड सरकारको अनुदान सहयोगमा आ.व. २०७८/७९ बाट यो कार्यक्रम सुरु गरिएको हो। |

| | | | |
|---|---|---|---|
| ८ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम | खानेपानी तथा ढल व्यवस्थापन विभाग | विश्व बैंकको ऋण सहयोग तथा प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कर्णाली र सुदूर पश्चिम प्रदेशका छनोट भएका छ वटा पालिकाहरु (सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका, सल्यान जिल्लाको शारदा नगरपालिका, डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका तथा कैलाली जिल्लाका बर्दगोरिया, जोशीपुर एवं जानकी गाउँपालिका) मा दीगो तथा सुधारिएको खानेपानी आपूर्ति र सरसफाइ सेवा उपलब्ध गराउने एवं सेवा प्रवाहको स्थानीय क्षमतामा अभिवृद्धी गर्ने लक्ष्यका साथ यो कार्यक्रम आ.व. २०७८/७९मा सुरु गरिएको हो। |

## ९. विभागको खर्च सम्बन्धी विवरण

आ.व. ०८२/८३ को चौथों त्रैमासिक अवधिसम्म(असार सम्म) मा यस विभाग र विभागमातहतका आयोजना/ कार्यक्रमहरूमा भएको खर्चको विवरण देहायबमोजिम राखिएको छ।

| आर्थिक वर्ष २०८२/८३ | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | बजेट उपशीर्षक | | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा ) | खर्च (%) |
| १ | ३१३०१०११ | खानेपानी विभाग | १४६१२३.३३२ | ६५३७२ | ४४.७४ |
| २ | ३१३०१०१३ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरु | २५१६४९.५६५ | २०९४६० | ८३.२३ |
| ३ | ३१३०११०१ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १९३०० | २९३८ | १५.२२ |
| ४ | ३१३०११०२ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ४२४५३८२.३ | २५३०१४३ | ५९.६ |
| ५ | ३१३०११०३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ६९३९१४ | ३९४५७१ | ५६.८६ |
| ६ | ३१३०११०५ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ३९८८५२० | २६३७४६७ | ६६.१३ |
| ७ | ३१३०११०६ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ९१५२५१ | ६१७३५९ | ६७.४५ |
| ८ | ३१३०११०७ | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | १५७७७७५ | १११९३८ | ७०.४८ |
| ९ | ३१३०११०८ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ११७७५३२ | ६१६१८९ | ५२.३३ |
| १० | ३१३०१११३ | केन्द्रिय खानेपानी आयोजना | ३५९४५४७.३३३ | २१६८३५६ | ६०.३२ |
| ११ | ३१३०१११४ | एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | २१८३७५ | १०४८९ | ४.८ |
| १२ | ३१३०१११५ | कोभिड-१९ रेस्पोन्स आयोजना | ८५७०० | ५८४७६ | ६८.२३ |
| १३ | ३१३०१११६ | दिगो सरसफाइ आयोजना | १९०० | १६१३ | ८४.९ |
| १४ | ३१३०१११७ | खानेपानी सुशासन तथा पुर्वाधार प्रवर्धन कार्यक्रम | ४६०१४४.८३३ | १९६५६१ | ४२.७२ |
| कुल जम्मा | | | १७३७६११४.३६३ | १०६२०९३२. | ६१.१२% |

## १०. विभागमा सूचना माग भई परेको निवेदन र सूचना दिइएको विषय

- यस अवधिमा सूचनाको लागि निवेदन मिति २०८३/०२/२५ मा तत्कालिन ग्रामिण खानेपानी तथा सरसफाइ कोष विकास समितिद्वारा निर्माण गरिएका सार्वजनिक शौचालयको विवरण माग भएकोमा विभागमा भएका विवरण उपलब्ध गरिएको।
- फोनबाट विभिन्न विषयमा माग भएका सूचना फोनबाट नै सूचना दिईएको।